निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७८।११।२३

सम्वत् २०७९ साल वैशाख ३० गते सम्पन्न हुने स्थानीय तहको निर्वाचनका लागि मिति २०७८।११।१९ गते उप्रान्त आयोगले निम्न बमोजिमका निर्णयहरु गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाएको छ :

१. मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७८ अन्तर्गत मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने, कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने, कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने, मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने, उजुरी परेको मतदातालाई प्रमाण सहित सफाईको मौका दिने जस्ता कृयाकलापहरु हाल सञ्चालनमा रहेका छन् । यस प्रयोजनको लागि मतदाता नामावली सम्बन्धित पालिकाको वडा कार्यालय, निर्वाचन कार्यालय र आयोगको वेब साईटमा हेर्न सकिन्छ ।

२. स्थानीय तहको निर्वाचनका लागि आवश्यक मतपत्र छपाइ गर्दा मतपत्रमा छपाइ हुने चिन्ह, विवरण तथा सुरक्षण चिन्हहरु हरियो SK-3081 Spectrum Bright Green मसीले छपाइ गर्ने गरी आयोगबाट निर्णय भएको छ ।

३. निर्वाचन प्रचार प्रसार र मतदाता शिक्षाका लागि अडियो/भिडियो सामग्री तयारी गर्नका लागि निर्वाचन सम्बन्धी गिती सन्देश, संवादमूलक सन्देश तथा चलचित्र लघु कथा लेखन प्रतियोगिताका लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम प्राप्त भएका रचनाहरुको मूल्याकंन गर्न वरिष्ठ साहित्यकार, गीतकार एवम् संगीतकारहरु समेत संलग्न भएको समितिबाट हाल मूल्याकंन भै रहेको छ ।

४. निर्वाचन सम्बन्धी छपाइ सामग्रीहरु जस्तै: निर्वाचन प्रचार प्रसार सामग्री, निर्देशिका, फाराम आदि छपाइका लागि छापाखानाहरु र सामग्रीहरु ढुवानी व्यवस्थापनका लागि हेलिकोप्टर, ट्रक तथा कुरियर सेवा लिन सम्बन्धित फर्म/संस्थाहरु सूचिकृतका लागि सार्वजनिक सूचना गरिएको छ ।

( सूर्यप्रसाद अर्याल )
सहायक प्रवक्ता